नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## प्रेस विज्ञप्ति

प्रा. डा. गोविन्द के.सी.ले उठाउनु भएका मागहरूका सम्बन्धमा देहायको स्थिति रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छः

चिकित्सा शिक्षाको नियमनका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ जारी भइसकेको र सो बमोजिम चिकित्सा शिक्षा आयोग गठन भई एकीकृत प्रवेश परीक्षा, सिट निर्धारण, एकीकृत शैक्षिक सत्र, गुणस्तर प्रत्यायन बोर्ड गठन, नेशनल मेडिकल स्पेसियालिटिज बोर्ड गठन, सरकारी शिक्षण संस्थामा पचहत्तर प्रतिशत छात्रवृत्ति लगायतका नियमन सम्बन्धी व्यवस्था नियमित रूपमा कार्यान्वयनमा आइसकेको छ ।

सरकारी मेडिकल कलेज तथा प्रतिष्ठानहरूमा चिकित्सा शिक्षाका विभिन्न तह तथा विषयहरूका शैक्षिक कार्यक्रम सञ्चालनका लागि नेपाल सरकार र अन्तर्गतका निकायहरूले आफ्नो नियमित वार्षिक कार्यक्रमका रूपमा सालवसाली आवश्यक बजेट समेत विनियोजन गरी योजनावद्ध रूपमा कार्यान्वयन गर्दै आएका छन् । यस क्रममा गेटा मेडिकल कलेज भवन र अस्पताल भवन निर्माण सम्पन्न भइसकेको र अन्य पूर्वाधार निर्माणको काम अन्तिम चरणमा रहेको छ ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा एमबीबीएस कार्यक्रम सञ्चालनका लागि चिकित्सा शिक्षा आयोग समक्ष स्वयम् मूल्याङ्कन प्रतिवेदन पेश गरिसकेको अवस्था छ भने प्रत्येक प्रदेशमा सरकारी मेडिकल कलेज स्थापनाका लागि बर्दिबास, बुटवल र सुर्खेतमा जग्गा प्राप्ति र गुरू योजना स्वीकृति भइसकेको, वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृतिको अन्तिम चरणमा रहेको र हाल विस्तृत परियोजना प्रस्ताव सम्बन्धी कार्य प्रारम्भ भइसकेकोछ । राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठानले एमबीबीएस लगायतका कार्यक्रम सञ्चालन प्रयोजनका लागि प्रतिष्ठानको सभाबाट गुरू योजना पारित गरिसकेको र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हाल स्नातकोत्तर तहको शैक्षिक कार्यक्रम सुचारू रहेको छ ।

डोटी-डडेल्धुरा, उदयपुर र इलाम-पाँचथरमा सरकारी मेडिकल कलेज खोल्ने सम्बन्धमा प्रारम्भिक सम्भाव्यता अध्ययन भई प्रतिवेदन प्राप्त भइसकेको र सर्लाही स्थित रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानका हकमा पूर्वाधार विकास समिति गठन भइसकेको छ । विश्वविद्यालय र प्रतिष्ठानहरूमा

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पदाधिकारी नियुक्तिका लागि पदाधिकारी मापदण्ड निर्धारण समिति तथा कार्यदलका प्रतिवेदन प्राप्त भई कार्यान्वयनको क्रममा रहेको र राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा संशोधन प्रयोजनका लागि चिकित्सा शिक्षा आयोगद्वारा कार्यदल गठन भई कार्य प्रारम्भ भइसकेको छ ।

यस परिप्रेक्ष्यमा डा. के.सी.ले उठाउनु भएका मागहरू प्रति संवेदनशील हुँदै नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वार्ता टोली गठन गरी मिति २०७७।०६।२२ र २३ मा डा. के.सी.का तर्फबाट गठित वार्ता टोलीसँग गरिएको वार्ताका क्रममा उल्लिखित विषयवस्तु प्रष्ट गरिसकिएको छ । नेपाल सरकार गुणस्तरीय चिकित्सा शिक्षाको विस्तार तथा सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहमा प्रतिबद्ध रहेको व्यहोरा अनुरोध गर्दै कोभिड- १९ को विश्वव्यापी महामारीले मुलुक आक्रान्त रहेको हालको अवस्थामा यस्तो विषम परिस्थितिलाई मनन एवम् आत्मसात गर्दै आफ्नो अनशन अन्त्य गरिदिनु हुन प्रा.डा. गोविन्द के.सी.लाई वार्ता समिति विनम्रतापूर्वक हार्दिक अनुरोध गर्दछ ।

२०७७।६।२४

संयोजक

मन्त्रालयद्वारा गठित वार्ता टोली

फोन नं.:
वेबसाइटः www.moest.gov.np